नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np

प.सं. ३९६/०७७/०७८

मिति: २०७७/१२/११

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

**नेपाल बार एशोसिएशनको सिलवन्दी दरभाऊ पत्र आव्हानसम्बन्धी सार्वजनिक सूचना**

नेपाल बार एशोसिएशनको **१५ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलन** आगामी मिति २०७८ साल जेठ १४, १५ र १६ गते ३ (तीन) दिनसम्म पोखरामा सञ्चालन हुन गईरहेको छ । सम्मेलनमा देशभरबाट करिव चार हजार जनासम्म कानून व्यवसायीहरू तथा अन्य विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहने अपेक्षा गरिएको छ । नेपाल बार एशोसिएशनले सम्मेलनका सहभागिहरूलाई सम्मेलन सामाग्रीहरू तथा सो सामाग्रीहरू राख्ने प्रयोजनको लागि झोला उपलब्ध गराउने भएको छ ।

नेपाल बार एशोसिएशने तोकेको निश्चित नमुना, गुणस्तर तथा साईजको झोला तोकिएको समयमै सहज रूपमा आपूर्ति गर्न सक्षम, विश्वसनीय तथा भरपर्दो आपूर्तिकर्ता, फर्म तथा कम्पनिहरूबाट दरभाऊसम्बन्धी सिलवन्दी प्रस्ताव पेश गर्न सबैको जानकारीको लागि यो सार्वजनिक सूचना आव्हान गरिएको छ ।

शिलवन्दी दरभाऊ सम्बन्धी प्रस्ताव पेश गर्नेसम्बन्धी सर्त तथा व्यवस्थाहरू:

१. **आपूर्ति गर्नु पर्ने सामाग्री र नमूना** : झोला २,५०० थान (नेपाल बार एशोसिएशनमा राखिएको नमूना झोलाको साईज, आकार प्रकार, रङ र गुणस्तरमा कुनै फरक नपर्ने गरी) ।

२. **शिलवन्दी दरभाऊ सम्बन्धी प्रस्ताव फाराम र दस्तुर सम्बन्धमा:** दरभाऊसम्बन्धी प्रस्ताव पेश गर्न ईच्छुक फर्म तथा कम्पनिहरूले नेपाल बार एशोसिएशनले तोकेको ढाँचाको फाराम प्रति फाराम ***रु ५००/- पाँच सय*** मात्र (पछि फिर्ता नहुने गरी) बुझाइ नेपाल बार एशोसिएशनबाट प्राप्त गर्न सकिने छ ।

३. **दरभाऊ सम्बन्धी प्रस्ताव फाराम वितरण, पेश गर्ने र खोल्ने समय:** दरभाऊ प्रस्ताव फाराम नेपाल बार एशोसिएशनबाट मिति २०७७ साल चैत ११ गते देखि ऐऐ १७ गतेसम्म खरिद गर्न सकिने छ भने मिति २०७७ साल चैत १८ गते मध्यान्ह १२:०० वजेभित्र पेश गरि सक्नु पर्नेछ । नेपाल बार एशोसिएशनमा नियमानुसार प्रस्ताव पेश गर्ने अन्तिम दिन मिति २०७७ साल चैत १८ गते अपरान्ह १:३० वजे प्रस्ताव पेशकर्ता वा निजका उपस्थित प्रतिनिधिहरूको रोहवरमा नेवाएको वैठक कक्षमा प्रस्ताव खोलिने छ । प्रस्ताव पेशकर्ता वा प्रतिनिधि अनुपस्थित रहेको अवस्थामा समेत प्राप्त दरभाऊ सम्बन्धी प्रस्ताव खोल्ने कार्य रोकिने छैन ।

४. **दरभाऊ सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी व्यवस्था:** नेपाल बार एशोसिएशनमा नियमानुसार प्राप्त सिलवन्दी दरभाऊ सम्बन्धी प्रस्ताव खोली प्राप्त दरभाऊ पत्रहरूको अध्ययन, मूल्याङ्कन, दरभाउपत्र दाताको सेवाको गुणस्तर, विगतमा उसले अन्य निकाय वा एशोसिएशनलाई उपलब्ध गराएको सोही प्रकृतिको सेवाको विवरण, विश्वसनीयतासमेतको अध्ययन तथा छलफल गरी प्रस्तावित मूल्यमा घटाघट गर्ने, स्वीकृत गर्ने वा नगर्ने वा आंसिक स्वीकृत गर्ने वा पुनः संशोधित प्रस्ताव आव्हान गर्नेजस्ता विषयमा नेपाल बार एशोसिएशनको निर्ण अन्तिम हुनेछ । स्वीकृत प्रस्ताव पेशकर्तासँग सेवा सम्बन्धी छुट्टै सम्झौता गरी

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np

प.सं.

मिति: २०६६/१२/११

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा बस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

सम्झौतामा सेवा लिने दिने, धरौटीसम्बन्धी व्यवस्था, सामानको आपूर्ति तथा भुक्तानी जस्ता विषयहरुमा उल्लेख भए वमोजिम हुनेछ ।

५. **दरभाऊ प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरू:** दरभाऊ सम्बन्धी प्रस्ताव पेशकर्ताले सिलवन्दी दरभाऊ प्रस्तावको साथ-साथै निम्न कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ ।

- फर्म/कम्पनि दर्ता तथा नविकरण गरिएको अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि ।
- फर्म तथा कम्पनीले प्रचलित कानूनवमोजिम पछिल्लो आ.ब.को कानूनवमोजिम प्राप्त गरेको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

अधिवक्ता रूद्र प्रसाद पोखेल
कोषाध्यक्ष
संयोजक, राष्ट्रिय सम्मेलन
व्याग व्यवस्थापन समिति

१८८१ १७६९

नेपाल बार एशोसिएशन
Nepal Bar Association

फाराम खरिद रसिद नं.

श्री नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाण्डौ

विषयः शिलवन्दी दरभाऊ सम्बन्धी प्रस्ताव पेश गरिएको ।

महोदय,

नेपाल बार एशोसिएशनको मिति २०७७ चैत ११ गते प्रकाशित शिलवन्दी दरभाऊ पत्र आव्हानसम्बन्धी सार्वजनिक सूचना वमोजिम म/हामी तपसिलमा उल्लेखित फर्म/कम्पनीको तर्फबाट शिलवन्दी दरभाऊसम्बन्धी प्रस्ताव पेश गर्न इच्छुक रहेकोले सूचनामा उल्लेखित शर्त तथा व्यवस्थावमोजिम पछि प्रस्ताव स्विकृत भएको अवस्थामा नेपाल बार एशोसिएशनसँग वस्तु तथा सेवा आपूर्तिसम्बन्धी सम्झौता गरी सोहि सम्झौता वमोजिम सेवा उपलब्ध गराउन इच्छुक रहेकोले निम्नानुसारको दरभाऊसम्बन्धी शिलवन्दी प्रस्ताव पेश गर्दछु/छौं ।

प्रस्तावित सामान र मुल्य सम्बन्धी विवरणः

| सि.नं. | विवरण | संख्या/रकम |
|---|---|---|
| १. | नेपाल बार एशोसिएशनले उपलब्ध गराएको नमूना वमोजिमको झोला तयार गरी उपलब्ध गराउने | २,५०० थान |
| २. | तयारी झोलाको प्रति गोटा प्रस्तावित मूल्य (मुल्य अभिबृद्धि कर समेत) | रू.________ |

फर्म/कम्पनी सम्बन्धी विवरणः

| | | |
|---|---|---|
| १. | फर्म/कम्पनीको नाम | |
| २ | फर्म/कम्पनीको ठेगाना | |
| ३ | फर्म/कम्पनीको तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्तिको नाम | |
| ४ | सम्पर्क फोन नं. र इमेल ठेगाना | |
| ५ | फर्म/कम्पनीको छाप | |

यस पूर्व यस्तै प्रकृतिको सेवा प्रवाह गरेको भए सो सम्बन्धी विवरणः

| | | |
|---|---|---|
| १. | यस पूर्व यस्तै प्रकृतिको सेवा प्रवाह गरेको विवरण | छ/छैन |
| २ | गरिएको छ भने उपलब्ध गराइएको सेवाग्राहिको सम्पर्क नम्वर सहित सेवाको विवरण उल्लेख गर्ने | विवरणः |

संलग्न कागजातहरू

| | | |
|---|---|---|
| १. | फर्म/कम्पनी दर्ताको अध्यावधिक प्रमाण प्रत्रको प्रतिलिपि | छ/छैन |
| २ | फर्म/कम्पनीको पछिल्लो आ.ब.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि | छ/छैन |

प्रस्ताव पेशकर्ता

दस्तखतः

नामः

मितिः